## नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ अनुसार खिजीदेम्बा गाँउपालिका शिक्षा युवा तथा खेलकुद शाखा द्धारा जारी विद्यालय तथा शिक्षण संस्था सञ्चालन सम्बन्धी निर्देशिका २०७७

कोराना भाईरस कोभिड १९ को विश्वव्यापी संक्रमणका कारण विद्यालय शिक्षामा पर्न गएको असरलाई मध्यनजर गरी कोरोना भाईरस् कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रण गर्दै संभावित संक्रमण बाट बच्न उच्च सतर्कता अपनाएर विद्यालय तथा शिक्षण संस्थामा शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न सकिने अवस्थामा विद्यालय तथा शिक्षण संस्थाहरु संचालन गर्न आवश्यक भएकोले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ का आधारमा खिजीदेम्बा गाँउपालिका शिक्षा युवा तथा खेलकुद शाखाले विद्यालय तथा शिक्षण संस्था सञ्चालन सम्बन्धी निर्देशिका २०७७ जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यो निर्देशिकाको नाम : विद्यालय तथा शिक्षण संस्था सञ्चालन सम्बन्धी निर्देशिका २०७७ रहेको छ ।

२) यो निर्देशिका खिजीदेम्बा गाँउपालिका भित्रका सवै विद्यालय तथा शिक्षण संस्थाहरुमा लागू हुनेछ ।

३) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

४) यो निर्देशिका कोभिड १९ को रोकथाम तथा नियन्त्रण पश्चात स्वतः निष्कृय हुनेछ ।

**२. विद्यालय सञ्चालन गर्नु पुर्व विद्यालय तथा शिक्षण संस्थाले गर्नुपर्ने कार्यहरुः**

१) कोभिड १९ को संक्रमणका दृष्टिकोणले विद्यालयको सेवा क्षेत्र भित्र हाल संक्रमणको अवस्था देखा नपरेको भए र विद्यालय सञ्चालन गर्न गराउन संक्रमणको दृष्टिले सुरक्षीत हुने भए विद्यालय सञ्चालन गर्ने ।

२) वडा कार्यालयको समन्वयमा विद्यालय सञ्चालन गर्नु पुर्व विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ वडा शिक्षा समिती तथा अभिभावक प्रतिनिधि सरोकारवालाको सहभागितामा छलफल गर्ने ।

३) प्रत्येक टोलवस्तिमा टोल सुधार समिति वा टोल अग्रज तोकी आ-आफ्नो टोल वस्तिमा कसैलाई कोरोना संक्रमणको लक्षण देखा परेमा वा त्यस्तो संभाव्य जोखिम देखा परेमा सोको जानकारी विद्यालयहरुलाई गर्ने गराउने व्यवस्था मिलाउने ।

४) विद्यालय परिसर, विद्यालयको कार्यकक्ष तथा कक्षा कोठाहरु प्रत्येक दिन निर्मलीकरण गरेर मात्र विद्यार्थीहरुलाई विद्यालयमा प्रवेश गर्ने व्यवस्था मिलाउने ।

**३. विद्यालय सञ्चालनको अवधिमा गर्नुपर्ने कार्यहरुः**

१) विद्यालयमा आवश्यकता अनुसार भौतिक दुरी कायम गरी शिक्षक स्टाफ बैठक बसी सङ्क्रमणकालीन व्यवस्थापन सम्बन्धमा छलफल गर्ने र आवश्यकता अनुसार रनणिती तथा कार्ययोजना तयार गरी कार्यान्वयण गर्ने ।

२) विद्यालयमा प्रवेश गर्नुभन्दा पहिले फोकल शिक्षकले सवै बालबालिका, शिक्षक, कर्मचारी लगायत सबैको ज्वरो परीक्षण गर्ने तथा सेनिटाइजर लगाउने वा साबुन पानिले हात धुने व्यवस्था मिलाउने ।

३) विद्यालयमा सवैले अनिवार्य रुपमा उचित तरिकाले माक्सको प्रयोग गर्ने,

४) विद्यालय परिवार बाहेक अन्य व्यक्तिहरुलाई विद्यालय परिसरमा अत्यावश्यक कामका लागी नआई नहुने परिस्थती भएमा मात्र प्र.अ. को अनुमति लिई माक्स लगाएर भौतिक दुरी कायम गरेर मात्र आउने व्यवस्था गर्ने । त्यसरी विद्यालय परिसरमा प्रवेश गर्नेहरुको ज्वरो परीक्षण गर्ने तथा सेनिटाइजर लगाउने वा साबुन पानिले हात धुने व्यवस्था मिलाउने, तथा कक्षा कोठामा बाहिरी व्यक्ति कसैलाई पनि प्रवेश नगराउने ।

५) विद्यालयले कोरोना संक्रमणको समयमा के गर्न हुने के गर्न नहुने जस्ता सचेतनामुलक आचारसंहिता तयार पार्ने र तयार पारेको आचारसंहितालाई सबैले देख्ने ठाँउमा टाँस्ने ।

६) एक जना शिक्षकलाई ( उपलब्ध भएसम्म स्वास्थ्य शिक्षा वा विज्ञान विषय शिक्षण गर्ने शिक्षकलाई ) सम्पर्क व्यक्ति ( फोकल पर्सन ) तोक्ने साथै विद्यार्थीहरुको कार्यलाई व्यवस्थित गर्नको लागी कक्षागत वा समूहगत रुपमा विद्यार्थी मनिटरको व्यवस्था गर्ने ।

७) विद्यालय सञ्चालन समयमा शिक्षक, विद्यालय कर्मचारी तथा विद्यार्थीमा स्वास्थ्य सम्बन्धि समस्या वा संक्रमणको लक्षण देखिएमा तत्काल राख्नका लागी आइसोलेसन कक्षको प्रयोग गर्ने ।उनिहरुलाई अभिभावक तथा स्वास्थ्य संस्थामा पुर्‍याउने प्रवन्ध गर्ने र स्वस्थ नभएसम्मका लागी विद्यालयमा नआउन सूचित गर्ने ।

८) बालबालिका बीचमा सामाजिक दुरी कायम हुने गरी कक्षा कोठामा दैनिक विद्यार्थीहरुको बसाई व्यवस्थापन गर्ने । जोखिम रहदासम्म एउटा कक्षा वा सेक्सनका विद्यार्थीहलाई सधैं एउटै समूह वा कक्षामा राख्ने कार्यलाई निरन्तरता दिने । कक्षा कोठामा झ्याल ढोका खुला राखी पर्याप्त हावा आवतजावत गर्न सक्ने बनाउने तथा कक्षा कोठालाई हरेक दिन निर्मलिकरण गर्ने ।

९) विद्यालयमा स्वास्थ्य तथा सरसफाई सम्बन्धी नियमहरु कडाईका साथ पालना गर्ने तथा छात्राहरुको लागी सेनेटरी प्याड र छुट्टै शौचालयको व्यवस्था गर्ने एवं शौचालयलाई दैनिक निर्मलिकरण गर्ने ।

१०) विद्यार्थीहरुवीच आफुले खाईरहेको खाजा एक अर्कामा बाँडेर नखाने व्यवस्था मिलाउने ।

११) विद्यार्थीहरुलाई टिफिन समय (Break Time) दिँदा एकै पटक सवै कक्षालाई नदिएर आलो पालो मिलाएर प्रत्येक कक्षालाई छुट्टाछुट्टै समयमा दिने व्यवस्था मिलाउने ।

१२) शिक्षण तथा सिकाई सामाग्री ( जस्तैः पाठ्यपुस्तक, कापी, कलम, मार्कर, डस्टर आदि ) र खेल सामाग्रीहरु एकअर्कोसँग ,साटासाट नगर्ने नगराउने ।

१३) सङ्क्रमणको जोखिम अवधिभर सामूहिक क्रियाकलापमा कम प्राथामिकता दिई गृहकार्य तथा सृजनात्मक कार्यमा बढी जोड दिने ।

१४) वाल कक्षा वा कक्षा १ मा संभव भएसम्म कक्षा शिक्षकको व्यवस्था मिलाउने ।

१५) समय समयमा कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रण र सो वाट बच्नका लागी वि.व्य.स को बैठक बसी आवश्यक व्यवस्था मिलाउने ।

१६) पठन पाठनलाई शिक्षक विद्यार्थी सम्पर्कका रुपमा सुरक्षीत रहन संभव भएसम्म प्रश्नोत्तर विधि वा यस्तै सामाजिक दुरी कायम हुने विधि अवलम्बन गर्ने ।

१७) शिक्षक, विद्यालय कर्मचारी, विद्यार्थीहरु तथा अभिभावक विद्यालय जाँदा, विद्यालमा रहँदा वा घर फर्कदा एवं घरमा पुगेपछी पालना गर्नुपर्ने आचारसंहिताहरु विद्यालय व्यवस्थापन समिति तथा शिक्षक स्टाफ बसी तयार गर्ने तथा यसरी तयार गरीएको आंचार संहिता सरोकारवाला सबैले अनिवार्य पालना गर्ने व्यवस्था मिलाउने ।

१८) विद्यालयका प्र.अ.ले शिक्षक, विद्यालय कर्मचारी र विद्यार्थीको तथा शिक्षकहरुले आफ्ना कक्षाका विद्यार्थीहरुको नियमित रुपमा सामान्य स्वास्थ अवस्थाको निगरानी गर्ने र कोभिड १९ सँग मिल्दो जुल्दो लक्षणहरु देखिएमा स्वास्थ संस्थामा खवर गर्ने ।

१९) शिक्षकहरुले शिक्षण क्रियाकलाप सञ्चालन गर्न आफ्नो कक्षामा प्रवेश गरीसकेपछि विषयवस्तुमा प्रवेश गर्नुभन्दा पहिले सर्वप्रथम विद्यार्थीहरुको बसाई व्यवस्थापन मिलाई कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रण र स्वास्थ्य सरसफाई वारेमा सचेतना दिने ।

२०) कुनै पनि शिक्षण संस्था तथा विद्यालय क्षेत्रमा कोभिड १९ को लक्षण देखा परे वा सोको जोखिमको प्रवल सम्भावना देखा परेमा तुरुन्त नजिकको स्वास्थ्य संस्था, स्वास्थ्य कर्मी तथा खिजीदेम्बा गाँउपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा जानकारी दिने ।

२१) यो निर्देशिकाले तोकेको बाहेक अन्य सुरक्षा सतर्कता अपनाउनु परेमा आफ्नो विद्यालय क्षेत्रको आवश्यकता अनुसार विद्यालय स्वंयम्ले थप सुरक्षा सतर्कता अपनाउने व्यवस्था मिलाउने ।

खिजीदेम्बा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा
खिजीफलाटे, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल
स्था.: २०७३